## आ.व. २०७८।७९ को

# वार्षिक शैक्षिक स्थीति प्रतिवेदन

**(Annual Educational Status Report)**

**तयार गर्ने**

क्षीरेश्वरनाथ नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकूद शाखा

धनुषा, मधेश प्रदेश

# हाम्रो भनाइ

शिक्षा मानव विकासको आधार हो । समाज रुपान्तरणको कसी हो । राष्ट्र समृद्धिको आधार हो । समाजलाई रुपान्तरण गर्दै राष्ट्रलाई समृद्धिको मार्गमा बढाउनका लागि शिक्षा निर्विकल्प अस्त्रको रुपमा रहेको हुन्छ । नेपालको संविधान अनुसार नेपाल संघीय मूलुकको रुपमा स्थापित भएको छ । देशको शासकिय तथा राजनीतिक संरचना परिवर्तन भए पश्चात देशमा संघ, प्रदेश र स्थानिय सरकारहरु सक्रिय छन् । यी तीन तहका राज्यका संरचना भित्रका विभिन्न निकायहरु शिक्षा क्षेत्रको विकासका लागि क्रियाशिल रहेका छन् भने त्यस्ता निकायहरुको माझ गुणस्तरिय शिक्षा प्रदान गर्ने चुनौति हामी माझ छ ।

नेपालको संविधान अनुसार स्थानिय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार क्षेत्र भित्र रही स्थानिय तहको रुपमा स्थापित यस क्षीरेश्वरनाथ नगरपालिकाको संगठन भित्र शिक्षा क्षेत्रलाई चलायमान गराउने निकायको रुपमा शिक्षा, युवा तथा खेलकुद शाखा रहेको छ । यस शाखाले स्थानिय सरकार संचालन ऐनले दिएको शिक्षा क्षेत्रसँग सम्बन्धित कार्यहरु नियमानुसार सम्पादन गर्दै आएको छ । स्थानिय तहको संगठन भित्र माध्यमिक र आधारभूत शिक्षासँग सम्बन्धित विभिन्न कार्यहरु सम्पादन गर्ने मूख्य जिम्मेवारी रहेको शिक्षा, युवा तथा खेलकुद शाखामा कर्मचारी अभाव, समयमा अख्तियारी प्राप्त नहुने, राजनीतिक अस्थिर प्रणाली लगायतका कारण संघ, प्रदेश तथा स्थानिय तहबाट निर्धारण गरिएका वार्षिक कार्यक्रमहरु तोकिएको समयमा लक्षित प्रगति सहित सम्पादन हुन नसकिरहेको अवस्थामा आ.व. २०७८।०७९ मा सम्पन्न भएका कार्यहरुको भौतिक लक्ष्य तथा वित्तिय प्रगति सहितको पूर्ण विवरण प्रस्तुत गरी शिक्षा युवा तथा खेलकुद शाखाले यो वार्षिक शैक्षिक स्थीति प्रतिवेदन तयार गरेको छ ।

क्षीरेश्वरनाथ नगरपालिकाको शिक्षा क्षेत्रको विकासका लागि शिक्षा, युवा तथा खेलकुद शाखाबाट सम्पादन भएका विभन्न कार्यहरु गर्न/गराउनका लागि प्रत्यक्ष वा अप्रत्यक्षमा सहयोग पुऱ्याउनु हुने श्रद्धेय नगर प्रमुख ज्यू, उपप्रमुख ज्यू, प्रमुख प्रशासकिय अधिकृत ज्यू, जनप्रतिनिधि ज्यूहरु, शाखा प्रमुख तथा कर्मचारी मित्रहरु, र यस नगरपालिका अन्तर्गतका विभिन्न विद्यालयहरुमा कार्यरत प्रधानाध्यापक तथा शिक्षक ज्यूहरु, अभिभावक ज्यूहरु, वि.व्य.स. लगायत शिक्षा क्षेत्रको विकासको लागि क्रियाशिल शिक्षा सम्बद्ध संघसंस्थाका पदाधिकारी ज्यूहरुमा हार्दिक आभार प्रकट गर्दछौ ।

शिक्षा क्षेत्रमा गरिएको लगानीको प्रतिफल भौतिक प्रगति जस्तो रातारात देखिने अवस्थामा नहुने हुँदा शिक्षा क्षेत्रको विकासको लागि आगामी वर्षहरुमा समेत प्राथमिकताको क्षेत्रको रुपमा राखी गुणस्तरिय शिक्षा विकासको लागि सकारात्मक तथा रचनात्मक सहयोगको अपेक्षा राख्दै यो प्रतिवेदन तयार गर्ने क्रममा महत्वपूर्ण सहयोग पुऱ्याउनु हुने सम्पूर्णमा पुनः हार्दिक आभार व्यक्त गर्न चाहन्छौ । धन्यवाद !

शिक्षा, युवा तथा खेलकुद शाखा
क्षीरेश्वरनाथ नगरपालिका,
महेन्द्रनगर, धनुषा ।

**विषयसूची**


| शिर्षक | पेज नं. |
|---|---|
| **परिच्छेद-१:स्थीति प्रतिवेदनको परिचय** | ५ |
| १.१ पृष्ठभूमि | |
| १.२ स्थिति प्रतिवेदनको उद्देश्य | |
| १.३ स्थिति प्रतिवेदन निर्माण प्रक्रिया | |
| १.४ स्थिति प्रतिवेदन तयारीका क्रममा प्रयोगमा ल्याइएका दस्तावेजहरू | |
| **परिच्छेद-२ :शैक्षिक अवस्था** | **६-१७** |
| २.१ साक्षरताको स्थिति | |
| २.२ शिक्षण संस्थाहरूको संख्यात्मक विवरण | |
| २.३ विद्यार्थी विवरण | |
| २.४ भैतिक तथा पूर्वाधारको अवस्था | |
| २.५ विद्यालय शिक्षाका शैक्षिक सुचकहरु | |
| २.६ नगरपालिकाको सगठन संरचनामा शिक्षा क्षेत्रको अवस्था तथा जनशक्तिको अवस्था | |
| **परिच्छेद-३:कार्यक्रम कार्यान्वयनको भौतिक तथा वित्तीय प्रगति** | **१७-१८** |
| ३.१ शिक्षा क्षेत्रको बजेट र खर्चको अवस्था | |
| ३.२ बजेट उपशिर्षक अनुसार बजेट तथा खर्चको अवस्था | |
| ३.३ कार्यक्रम कार्यान्वयनका मुख्य समस्या र चुनौती | |
| ३.४ कार्यक्रम कार्यान्वयनमा सुधारका उपाय | |
| **परिच्छेद-४ :उपलव्धि तथा कार्यक्रम विस्तृतिकरण** | **१९-३२** |
| ४.१ शिक्षक दरबन्दि मिलानको प्रगती विवरण | |
| ४.२ उत्कृषट सिकाइ उपलब्धि भएका विद्यालयलाई सिकाइ सुदृढिकरणका लागि प्रोत्साहन अनुदान | |
| ४.३ विद्यालय सुशासन तथा पारदर्शिताका लागि गरिएका प्रयासहरु | |
| ४.४ प्रारम्भिक पढाइ सिप कार्यक्रम अन्तर्गत न्युनतम प्यकेज कार्यान्वयनको अवस्था | |
| ४.५ शिक्षण सहयोग अनुदान कार्यान्वयनको अवस्था | |
| ४.६ विद्यालयमा विज्ञान प्रयोगशाला, **ICT**प्रयोगशाला,पुस्तकालय तथा इन्टरनेट सुबिधा पुगेका विद्यालयको अवस्था | |
| ४.७ शिक्षकको समयावधि सुधार कार्यक्रम | |

४.८ विद्यालय सुपरिवेक्षण तथा शिक्षकको पेशागत सहयोगको स्थिति

४.९ बाल विकास केन्द्रको अवस्था

४.१० शिक्षक दरबन्दिको अवस्था

४.११ विद्यालय सुधार योजना निर्माण र सामाजिक परीक्षणको अवस्था

४.१२ कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजिकरणका लागि भएका कार्यक्रम तथा प्रयासहरु

**परिच्छेद-५ःअसल अभ्यास, प्रमुख उपलब्धि, चुनौती तथा समाधानका उपायहरू** **३३-३५**

५.१ असल अभ्यास तथा नवप्रर्वतनात्मक कार्यक्रमहरु

५.२ समग्र कार्यक्रमका प्रमुखउपलब्धिहरू,

५.३ चुनौती तथा समाधानका लागि गरिएका प्रमुख प्रयासहरू

**अनुसूचीहरू**

- चालु आवमा सञ्चालित प्रमुख कार्यक्रमहरूको भौतिक र वित्तीय प्रगति तालिका
- राष्ट्रिय किताबखाना (शिक्षक) बाट पारित आ. व. २०७८।०८९ को शिक्षक तलवी प्रतिवेदन

**तालिकाहरूको सूची**

तालिका नं. १ नगरपालिकाको जनसंख्या र साक्षरताको अवस्था

तालिका नं. २ नगरपालिका भित्रका शिक्षण संस्थाहरुको विवरणहरु

तालिका नं. ३ नगरपालिका भित्रका विद्यार्थिहरुको विवरण

तालिका नं. ४ नगरपालिकाको शैक्षिक सूचकको अवस्था

तालिका नं. ५ नगरपालिका भित्र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनको अवस्था

तालिका नं. ६ शिक्षा क्षेत्रको बजेट र खर्चको अवस्था

तालिका नं. ७ सिकाइ सुदृढिकरणका लागि प्रोत्साहन अनुदान प्राप्त गर्ने विद्यालय विवरण

तालिका नं. ८ कार्यसम्पादनमा आधारित अनुदान प्राप्त गर्ने विद्यालयहरु

तालिका नं. ९ प्रारम्भिक पढाइ सिप कार्यक्रम अन्तर्गत न्युनतम प्याकेज कार्यान्वयनका लागि अनुदान प्राप्त गर्ने विद्यालय विवरण

तालिका नं. १० शिक्षण सहयोग अनुदान प्राप्त गर्ने विद्यालय विवरण

तालिका नं. ११ विद्यालयमा विज्ञान प्रयोगशाला, ICTप्रयोगशाला,पुस्तकालय तथा इन्टरनेट सुबिधा पुगेका विद्यालय विवरण

तालिका नं. १२ आधारभूत सुबिधा अन्तर्गत उल्लेखित सुबिधाहरु प्राप्त नगर्ने विद्यालय विवरण

तालिका नं. १३ विद्यालय सुधार योजना निर्माण र सामाजिक परीक्षणको अवस्था

तालिका नं. १४ बाल विकास केन्द्रको अवस्था

तालिका नं. १५ शिक्षक दरबन्दिको अवस्था
तालिका नं. १६ विद्यालय सुधार योजना निर्माण र सामाजिक परीक्षणको अवस्था

## परिच्छेद-१

## स्थीति प्रतिवेदनको परिचय

### १.१ पृष्ठभूमि

स्थानिय सरकार संचालन ऐन २०७४ ले दिएको शिक्षा सम्बन्धि अधिकारहरुको प्रयोग गरी यस क्षीरेश्वरनाथ नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले आर्थिक वर्ष २०७८।०७९ मा सम्पादन गरेका कार्य तथा त्यसबाट प्राप्त नतिजाहरुलाई आधार बनाएर यो शैक्षिक स्थीति प्रतिवेदन तयार गरेको छ । यस प्रतिवेदन तयार गर्नेक्रममा संघिय तथा प्रदेश सरकारबाट प्राप्त शिक्षा तर्फका कार्यक्रमहरु र तीनको कार्यान्वयनको अवस्था तथा यस स्थानिय तहबाट आ.व. २०७८।०७९ को वार्षिक नीति तथा कार्यक्रममा समाबेश शिक्षा क्षेत्रका कार्यक्रहरुलाई आधार बनाइएको छ ।

### १.२ स्थीति प्रतिवेदनको उद्देश्य

यो शैक्षिक स्थीति प्रतिवेदन तयार गर्नुका मुख्य उद्देश्यहरु देहाय अनुसार रहेका छन् :

(क) शिक्षा क्षेत्रमा विनियोजित बजेट कार्यान्वयनको अवस्था जानकारी गराउनु,

(ख) शिक्षा क्षेत्रको कार्य प्रगति विवरणको बारेमा जानकारी दिनु,

(ग) शैक्षिक योजना तर्जुमा गर्न सहयोग गर्नु,

### १.३ स्थीति प्रतिवेदन निर्माण प्रक्रिया

यो शैक्षिक स्थीति प्रतिवेदन तयारी गर्ने क्रममा देहायका चरणहरु अवलम्बन गरिएको छ :

(क) शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरबाट प्राप्त प्रतिवेदन तयारी मार्गनिदेर्शन अध्ययन,

(ख) नगरपालिकाको बार्षिक नीति, कार्यक्रम तथा बार्षिक बजेट पुस्तिका २०७८।०७९ को अध्ययन तथा आवश्यक विवरण संकलन,

(ग) यस पालिकाबाट गत आवमा भएको विद्यालय निकासाको अध्ययन तथा विवरण संकलन,

(घ) सरोकारवालाहरुसँग शैक्षिक कार्यक्रम कार्यान्वियन र प्रगतिको बारेमा छलफल तथा प्राप्त सुझावहरु संकलन र

(ङ) प्राप्त तथ्याङ्क तथा विवरणहरुको आधारमा प्रतिवेदन तयारी तथा सरोकारवाला पक्षको सुझावको आधारमा अन्तिमिकरण ।

### १.४ स्थिति प्रतिवेदन तयारीका क्रममा प्रयोगमा ल्याइएका दस्तावेजहरू (आधारहरू)

यो शैक्षिक स्थीति प्रतिवेदन तयारी गर्ने क्रममा देहायका दस्तावेजहरु प्रयोग गरिएका छन् :

(क) शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरबाट तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।०७९,

(ख) नगरपालिकाको बार्षिक नीति, कार्यक्रम तथा बार्षिक बजेट पुस्तिका २०७८।०७९,

(ग) नगरपालिकाको एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS),

(घ) विद्यालय अनुगमन तथा निरीक्षण प्रतिवेदन र

(ङ)	विद्यालय सुधार योजना, विद्यालय सामाजिक परीक्षण तथा लेखापरीक्षण प्रतिवेदन २०७८

# परिच्छेद-२

# शैक्षिक अवस्था

## २.१ साक्षरताको स्थिति

यस नगरपालिकाको जनसांख्यिक अवस्थालाई देहाय अनुसार उल्लेख गरिएको छ :

**तालिका नं. १ नगरपालिकाको जनसाख्यिक अवस्था**

| वडा नम्बर | घरधुरी | | | जनसंख्या | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | पुरुष घरमुली | महिला घरमुली | जम्मा | पुरुष | महिला | अन्य | |
| १ | ८२८ | ७७ | ९०५ | २११० | १८७५ | | ३९८५ |
| २ | ७३१ | २५ | ७५६ | १९४८ | १७०८ | १ | ३६५७ |
| ३ | ७४१ | ६९ | ८१० | २११७ | १८९५ | १ | ४०१३ |
| ४ | ६८१ | ७८ | ७५९ | २२०७ | १९६१ | | ४१६८ |
| ५ | १९२७ | २५३ | २१८० | ५७५१ | ४९९७ | | १०७४८ |
| ६ | ९७६ | ३१ | १००७ | २७६१ | २४२९ | ३ | ५१९३ |
| ७ | ७०७ | ६७ | ७७४ | २३८१ | २१३६ | | ४५१७ |
| ८ | ९४१ | ८ | ९४९ | २५५७ | २११८ | | ४६७५ |
| ९ | ११४६ | २ | ११४८ | ३१८२ | २७३८ | १ | ५९२१ |
| १० | ७९१ | ४६ | ८३७ | २२३४ | २०५० | १ | ४२८५ |
| जम्मा | ९४६९ | ६५६ | १०१२५ | २७२४८ | २३९०७ | ७ | ५११६२ |

*स्रोत : नगर डिजिटल प्रोफाइल २०७८*

**तालिका नं. १ क नगरपालिकाको साक्षरताको अवस्था**

| वडा नम्बर | पूर्व प्राथमिक | आधारभूत तह | माध्यमिक तह | स्नातक तह | स्नातकोत्तर तह | एमफिल वा सो भन्दा माथि | प्राविधिक एसएलसी | कुल साक्षर | साधारण लेखपढ | कम उमेर | कुल निरक्षर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६४९ | ४९३ | ८५७ | ११० | २० | १ | ९ | २१३९ | २०० | ६३ | १५८३ | ३९८५ |
| २ | १७० | ३७४ | ५१० | १०३ | १०६ | ३ | १३ | १२७९ | २२२ | ८७ | २०६९ | ३६५७ |
| ३ | १९९ | ११७५ | २२३ | ५८ | १० | | १४६ | १८११ | १३५ | १९ | २०४८ | ४०१३ |
| ४ | ३९९ | ५८७ | ४०९ | ७० | १३ | | ११ | १४८९ | ६१९ | ७ | २०५३ | ४१६८ |
| ५ | १२६२ | १२७३ | २१७० | ८३३ | ४५४ | २७ | २१२ | ६२३१ | १०६१ | ३९ | ३४१७ | १०७४८ |
| ६ | १०९४ | ७६६ | ६०४ | २०२ | ६६ | १ | १७९ | २९१२ | ५०० | ७० | १७११ | ५१९३ |
| ७ | १०७९ | ६२५ | ७४४ | १६७ | २८ | | | २६४३ | २४८ | ३५ | १५९१ | ४५१७ |
| ८ | १२०५ | ८६२ | ९६५ | ४० | १६ | | ३ | ३०९१ | ४२० | ३३ | ११३१ | ४६७५ |
| ९ | १११७ | ९०१ | ५३९ | १९० | ५० | | १५१ | २९४८ | १३१ | ३७ | २८०५ | ५९२१ |
| १० | ३८२ | १०२४ | ३२० | १४४ | ४३ | १ | १७ | १९३१ | ३४८ | ९५ | १९११ | ४२८५ |
| | ७५५६ | ८०८० | ७३४१ | १९१७ | ८०६ | ३३ | ७४१ | २६४७४ | ३८८४ | ४८५ | २०३१९ | ५११६२ |

*स्रोत : नगर डिजिटल प्रोफाइल २०७८*

## २.२ शिक्षण संस्थाहरूको विवरण

यस क्षीरेश्वरनाथ नगरपालिका अन्तर्गत रहेका २० ओटा सामुदायिक, ४ ओटा धार्मिक र १३ ओटा संस्थागत विद्यालयहरुको विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ। यो तथ्याकं शैक्षिक सत्र २०७८ मा IEMIS मा विद्यालयको तथ्याकं प्रविष्ट गर्ने विद्यालयहरुको मात्र भएको हुँदा क्षीरेश्वरनाथ नगरपालिका भित्र रहेका यहाँ उल्लेख गरिएका भन्दा बाहेक विद्यालयहरुको विवरण उल्लेख नगरिएको हो ।

**तालिका नं. २ नगरपालिका भित्रका शिक्षण संस्थाहरुको विवरणहरु**

| क्र.सं. | विद्यालय IEMIS कोड | विद्यालयको नाम | वडा नं. | संचालित कक्षा | ठेगाना | प्रधानाध्यापकको नाम | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. सामुदायिक विद्यालयहरु | | | | | | | | |
| १ | १७०११०००५ | श्री जनता मा .विबनिनिया गोपालपुर | १० | ECD-12 | बनिनिया गोपालपुर | श्री सुरेश कुमार यादव | 9854026790 | |
| २ | १७०३३०००१ | श्री आधारभुत विद्यालय सीतानगर | ८ | ECD-5 | सीतानगर | श्री राजकुमार यादव | 9844038713 | |
| ३ | १७०३३०००२ | श्री माध्यमिक विद्यालय इच्छापुर | ९ | ECD-10 | इच्छापुर | श्री बैकुण्ठ कुमार श्रेष्ठ | 9801610313 | |
| ४ | १७०३३०००५ | श्री जनता आधारभूत विद्यालय औराहा | ९ | ECD-8 | औरहा | श्री दिपक प्रसाद काफ्ले | 9844051974 | |
| ५ | १७०३३०००८ | श्री माध्यमिक विद्यालय दिगम्बरपुर | ८ | ECD-10 | दिगम्बरपुर | श्री सम्पत महतो | 9807830663 | |
| ६ | १७०४०००७१ | श्री आधारभूत विद्यालय हारसर | १० | ECD-7 | हारसर | श्री मो. ऐनुल राइन | 9812174231 | |
| ७ | १७०४०००७३ | श्री आधारभुत विद्यालय चुहर्बा | १० | ECD-5 | चुहर्बा | श्री सत्यनारायण यादव | 9817852804 | |
| ८ | १७०४३०००४ | श्री दुर्गा आधारभूत विद्यालय दुर्गाटोल | ७ | ECD-6 | दुर्गाटोल | श्री शिवजी यादव | 9827889878 | |
| ९ | १७०८२०००१ | श्री माध्यमिक विद्यालय कु . रम्दैया भवाडी | २ | ECD-12 | रम्दैया भवाडी | श्री मो. माजिद राइन | 9824830067 | |
| १० | १७०८२०००३ | श्री रा प्रा वि रम्दैया भवदी | १ | ECD-3 | रम्दैया भवाडी | श्री शम्भु यादव | 9844037558 | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११ | १७०८२०००४ | श्री डिहिबार बाबा आधारभूत विद्यालय रम्दैया भवाडी | २ | ECD-2 | रम्दैया भवाडी | श्री मनिषा कुमारी यादव | 9816853226 | |
| १२ | १७०८४०००१ | श्री राष्ट्रिय माध्यमिक विद्यालय सखुवा बजार | ६ | ECD-10 | सखुवा बजार | श्री सन्तोष यादव | 9804825860 | |
| १३ | १७०८४०००२ | श्री शारदा भवानी आधारभूत विद्यालय | ८ | ECD-5 | हरैया | श्री निर्मला देवी सिंह | 9817893291 | |
| १४ | १७०८४०००३ | श्री राष्ट्रिय आधारभूत विद्यालयपाकडिया | ३ | ECD-5 | पकडिया | श्री रामलखन यादव | 9812115678 | |
| १५ | १७०८४०००४ | श्री समता राष्ट्रिय आधारभूत विद्यालय | ३ | ECD-7 | पकडिया मंगलपुर | श्री रवीन्द्र यादव | 9812175959 | |
| १६ | १७०८४०००५ | श्री गौरी नारायण आधारभूत विद्यालय | १ | ECD-6 | महेन्द्रनगर | श्री जटाशंकर झा | 9804815917 | |
| १७ | १७०८४०००८ | श्री दूधमती आधारभूत विद्यालय | ५ | ECD-5 | दुधमती | श्री सूर्यनाथ यादव | 9844020345 | |
| १८ | १७०८४००१६ | श्री जानकी आ वि कुकुर्वा | ४ | ECD-4 | कुकुरवा | श्री रीतादेवी यादव | 9804825860 | |
| १९ | १७०८४००१७ | श्री मा जानकी प्रा वि कुम्हरौल | ४ | ECD-3 | कुम्हरौल | श्री विमला अधिकारी | 9844055548 | |
| २० | १७०८४००१८ | श्री नयाँ नेपाल प्रा वि नयाँ टोल | २ | ECD-3 | नयाँ टोल | श्री सुशिल यादव | 9844272180 | |
| २. धार्मिक विद्यालयहरु | | | | | | | | |
| १ | १७०४०००05 | मदरसा गुलशने रेजा फाजिले बरेली गोपालपुर | ५ | ECD-1 | गोपालपुर | मो लियाकात | 9819849391 | |
| २ | १७०४००००६ | मदरसा सादिया लिल बनात गोपालपुर | ५ | ECD-2 | महेन्द्रनगर | मो हसन राजा | 9804832215 | |
| ३ | १७०८२०००५ | मदरसा फैजान रेजा रम्दैया | ९ | ECD-2 | रम्दैया भवाडी | लक्ष्मिनिया कुमारी यादव | 9815828443 | |
| ४ | १७०८४०००७ | मदरसा जामिया कदरिया अन्बारुल ओलुम | १ | ECD-2 | महेन्द्रनगर | रिना खातुन | 9819690103 | |

| ३. संस्थागत विद्यालयहरु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 170330003 | Crimson English Boarding School Digambarpur | 2 | ECD-7 | Digambarpur | Brikha Bahadur Bishwakarma | 9807845240 | |
| 2 | 170430006 | Shree Gangotri English Boarding School | 7 | ECD-12 | Mahendranagar | Ganesh Kumar Shah | 9854025563 | |
| 3 | 170430008 | Om Acadamy Hariharpur Dhanusha | 7 | ECD-8 | Hariharpur | Lotan Mahato | 9819863221 | |
| 4 | 170840010 | Pragati Sishu Sadan Sakhuwa Mahendranagar | 5 | ECD-10 | Mahendranagar | Shyam Gupta | 9804802547 | |
| 5 | 170840011 | Gyan Mandir English Boarding School | 5 | ECD-10 | Mahendranagar | Sujit Kapari | 9807872828 | |
| 6 | 170840012 | Shree Saraswati English Boarding School | 5 | ECD-10 | Mahendranagar | Shabbir Alam | 9807851599 | |
| 7 | 170840013 | Janjyoti English Boarding School Mahendranagar | 5 | ECD-10 | Mahendranagar | Rupak Bhuder Yadav | 9800800964 | |
| 8 | 170840015 | Shree Chhireshwar Janata Ma. Vi. | 5 | ECD-12 | Mahendranagar | Binod Dahal | 9844038666 | |
| 9 | 170840021 | Darshaniya Rameshwer Singh Kushwaha Academy | 5 | ECD-12 | Mahendranagar | Jagadish Prasad Singh | 9804819597 | |
| 10 | 170840022 | Systematic English Boarding School | 5 | ECD-11 | Mahendranagar | Md. Amirul Rain | 9816825785 | |
| 11 | 170840023 | Ruby's International School | 5 | ECD-10 | Mahendranagar | Hari Narayan Yadav | 9801931884 | |
| 12 | 170840025 | Sarada Vidya Mandir English | 5 | ECD-10 | Mahendranagar | Anjaya Karna | 9817619723 | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | Boarding School | | | | | | |
| 13 | 170840026 | Morning Glory Boarding School | 5 | ECD-10 | Mahendranagar | Krishna Kumar Lama | 9807661288 | |

***स्रोत*** *: एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) २०७८*

## २.३ विद्यार्थी विवरण

यस नगरपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुमा शैक्षिक सत्र २०७८ मा भर्ना भई IEMIS मा प्रविष्ट गरिएका विद्यार्थी विवरण देहाय अनुसार रहेको छ :

**तालिका नं. ३ नगरपालिकाको विद्यार्थीहरुको विवरण**

| क्र. स. | IEMIS कोड | विद्यालयको नाम | बालविकास | | | कक्षा १–५ | | | कक्षा ६–८ | | | कक्षा ९–१० | | | कक्षा ११–१२ | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | १७०११०००५ | श्री जनता मा. वि. बननिया गोपालपुर | २२ | २३ | ४५ | १४३ | १२८ | २७१ | १३५ | ९९ | २३४ | १०० | १०२ | २०२ | २२ | २३ | ४५ | ४२२ | ३७५ | ७९७ |
| २ | १७०३३०००१ | श्री आधारभुत विद्यालय सीतानगर | ८ | ६ | १४ | ५३ | ६१ | ११४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ६१ | ६७ | १२८ |
| ३ | १७०३३०००२ | श्री माध्यमिक विद्यालय इच्छापुर | ९ | ७ | १६ | १६९ | १३५ | ३०४ | ११६ | १०६ | २२२ | ६६ | ८५ | १५१ | ० | ० | ० | ३६० | ३३३ | ६९३ |
| ४ | १७०३३०००३ | श्री क्रिमसन अंग्रेजी बोर्डिङ स्कूल दिगम्बरपुर | २ | ६ | ८ | ६८ | ९६ | १६४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ७० | १०२ | १७२ |
| ५ | १७०३३०००५ | श्री जनता आधारभूत विद्यालय औराहा | १८ | २९ | ४७ | १४४ | १६१ | ३०५ | ७४ | ८७ | १६१ | ० | ० | ० | ० | ० | ० | २३६ | २७७ | ५१३ |
| ६ | १७०३३०००८ | श्री माध्यमिक विद्यालय दिगम्बरपुर | १५ | २० | ३५ | १३३ | १४२ | २७५ | ९२ | ६० | १५२ | ६८ | ६० | १२८ | ० | ० | ० | ३०८ | २८२ | ५९० |
| ७ | १७०४०००0१ | श्री आधारभूत विद्यालय हारसर | ३२ | २७ | ५९ | १४२ | १०१ | २४३ | १६ | १८ | ३४ | ० | ० | ० | ० | ० | ० | १९० | १४६ | ३३६ |
| ८ | १७०४००००३ | श्री आधारभुत विद्यालय चुहर्बा | १२ | १७ | २९ | ८० | ७९ | १५९ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ९२ | ९६ | १८८ |
| ९ | १७०४००००५ | श्री मदरसा गुल्साने रेजा फाजिले बरेली | ० | ० | ० | ३२ | १२ | ४४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३२ | १२ | ४४ |
| १० | १७०४००००६ | श्री मदरसा सादिया लिल बनात | १८ | १८ | ३६ | ९४ | ३ | ९७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ११२ | २१ | १३३ |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | १७०४३०००५ | श्री दुर्गा आधारभूत विद्यालय (०-६) दुर्गाटोल | १९ | २१ | ४० | १०८ | ९७ | २०५ | ३७ | ३३ | ७० | ० | ० | ० | ० | ० | ० | १६४ | १५१ | ३१५ |
| १२ | १७०४३०००६ | श्री गंगोत्री अंग्रेजी बोर्डिङ स्कूल | २९ | ६९ | ९८ | ८५ | १६१ | २४६ | ५३ | ९० | १४३ | ४७ | ६९ | ११६ | ० | ० | ० | २१४ | ३८९ | ६०३ |
| १३ | १७०४३०००८ | श्री ओम एकेडेमी हरिहरपुर धनुषा | २४ | ६४ | ८८ | ६० | १०२ | १६२ | ९ | ३२ | ४१ | ० | ० | ० | ० | ० | ० | ९३ | १९८ | २९१ |
| १४ | १७०८२०००१ | श्री माध्यमिक विद्यालय कु. रम्दैया भवाडी | ३६ | ४१ | ७७ | २५४ | २२१ | ४७५ | २३५ | २३९ | ४७४ | १९१ | १४८ | ३३९ | १९४ | २१४ | ४०८ | ९१० | ८६३ | १७७३ |
| १५ | १७०८२०००३ | श्री रा प्रा वि रम्दैया भवाडी | १० | १२ | २२ | ४७ | २४ | ७१ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ५७ | ३६ | ९३ |
| १६ | १७०८२०००४ | श्री डिहिबार बाबा आधारभूत विद्यालय (०-२) रम्दैया भवाडी | ४ | २७ | ३१ | ३७ | ६३ | १०० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४१ | ९० | १३१ |
| १७ | १७०८२०००५ | श्री मदरसा फैजाने रेजा रम्दैया | १६ | ३४ | ५० | ६२ | ६३ | १२५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ७८ | ९७ | १७५ |
| १८ | १७०८४०००१ | श्री राष्ट्रिय माध्यमिक विद्यालय सखुवा बजार | ३९ | ५५ | ९४ | २७४ | २६३ | ५३७ | १३० | १४५ | २७५ | ९५ | ६५ | १६० | ० | ० | ० | ५३८ | ५२८ | १०६६ |
| १९ | १७०८४०००२ | श्री शारदा भवानी आधारभूत विद्यालय | ६ | १४ | २० | ७५ | ७० | १४५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ८१ | ८४ | १६५ |
| २० | १७०८४०००३ | श्री राष्ट्रिय आधारभूत विद्यालय (०-५) पकडिया | १० | १९ | २९ | १३२ | १३७ | २६९ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १४३ | १५६ | २९९ |
| २१ | १७०८४०००४ | श्री समता राष्ट्रिय आधारभूत (०-७) विद्यालय | २९ | २५ | ५४ | १५१ | १६९ | ३२० | ५० | २९ | ७९ | ० | ० | ० | ० | ० | ० | २३० | २२५ | ४५५ |
| २२ | १७०८४०००५ | श्री गौरी नारायण आधारभूत विद्यालय (०-६) महेन्द्रनगर | ५ | १५ | २० | १४१ | ११९ | २६० | ३५ | २५ | ६० | ० | ० | ० | ० | ० | ० | १८१ | १५९ | ३४० |
| २३ | १७०८४०००७ | श्री मदरसा जामिया कदरिया अन्बारुल ओलुम | २३ | ११ | ३४ | ३९ | ३३ | ७२ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ६२ | ४४ | १०६ |
| २४ | १७०८४०००८ | श्री दूधमती आधारभूत विद्यालय (०-५) दूधमती | १९ | १५ | ३४ | ७६ | ८१ | १५७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ९५ | ९६ | १९१ |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २५ | १७०८४००१० | श्री प्रगति शिशु सदन सखुवा महेन्द्रनगर | २ | ९ | ११ | ३० | ३६ | ६६ | २४ | ४० | ६४ | ६ | २० | २६ | ० | ० | ० | ६२ | १०५ | १६७ |
| २६ | १७०८४००११ | श्री ज्ञान मन्दिर अंग्रेजी बोर्डिङ स्कूल | ४१ | ५७ | ९८ | ८३ | १३८ | २२१ | २३ | ४४ | ६७ | १६ | २७ | ४३ | ० | ० | ० | १६३ | २६६ | ४२९ |
| २७ | १७०८४००१२ | श्री सरस्वती इङ्लिस बोर्डिङ स्कुल | ० | ० | ० | १५ | ३६ | ५१ | ३१ | ६२ | ९३ | २५ | ६० | ८५ | ० | ० | ० | ७१ | १५८ | २२९ |
| २८ | १७०८४००१३ | श्री जनज्योति इङ्लिस बोर्डिङ स्कुल महेन्द्रनगर | १७ | ३९ | ५६ | ५३ | ७१ | १२४ | २० | ३३ | ५३ | ४ | १४ | १८ | ० | ० | ० | ९४ | १५७ | २५१ |
| २९ | १७०८४००१५ | श्री छिरेश्वर जनता मा. वि | ० | ० | ० | ० | ० | ० | १७० | १५० | ३२० | १३३ | ११४ | २४७ | ० | ० | ० | ३०३ | २६४ | ५६७ |
| ३० | १७०८४००१६ | श्री जानकी आधारभूत विद्यालय (०-४) कुकुरवा | १४ | १४ | २८ | ९० | ६६ | १५६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १०४ | ८० | १८४ |
| ३१ | १७०८४००१७ | श्री मा जानकी जनता आधारभूत विद्यालय कुम्हरौल | १० | १७ | २७ | ५२ | ६५ | ११७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ६२ | ८२ | १४४ |
| ३२ | १७०८४००१८ | श्री नयाँ नेपाल दलित रा प्रा बि | ४ | १० | १४ | २२ | ३४ | ५६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २६ | ४४ | ७० |
| ३३ | १७०८४००२१ | श्री दर्शनिया रामेश्वर सिंह कुशवाहा एकेडेमी | १०० | १४७ | २४७ | १७९ | २५७ | ४३६ | ७३ | १८४ | २५७ | ७२ | १०९ | १८१ | १५८ | १०३ | २६१ | ५८२ | ८०० | १३८२ |
| ३४ | १७०८४००२२ | श्री सिस्टमेटिक अंग्रेजी बोर्डिङ स्कूल | ५ | १७ | २२ | ८९ | २०१ | २९० | १७ | ५१ | ६८ | १० | १५ | २५ | ० | ० | ० | १२१ | २८४ | ४०५ |
| ३५ | १७०८४००२३ | श्री रुबीज इन्टरनेशनल स्कूल | ३२ | ३६ | ६८ | ४८ | ७२ | १२० | २५ | ३४ | ५९ | १२ | २५ | ३७ | ० | ० | ० | ११७ | १६७ | २८४ |
| ३६ | १७०८४००२५ | श्री शारदा विद्या मन्दिर अंग्रेजी बोर्डिङ स्कूल | २४ | ३७ | ६१ | ४२ | ५७ | ९९ | १७ | २९ | ४६ | २३ | २९ | ५२ | ० | ० | ० | १०६ | १५२ | २५८ |
| ३७ | १७०८४००२६ | श्री मर्निङ ग्लोरी बोर्डिङ स्कूल | ४२ | ५६ | ९८ | ४५ | ४० | ८५ | १८ | २३ | ४१ | १८ | ३० | ४८ | ० | ० | ० | १२३ | १४९ | २७२ |
| | | **जम्मा** | **696** | **1014** | **1710** | **3347** | **3594** | **6941** | **1400** | **1613** | **3013** | **886** | **972** | **1858** | **374** | **340** | **714** | **6704** | **7535** | **14239** |

## २.४ भैतिक तथा पूर्वाधारको अवस्था

(क) यस क्षीरेश्वरनाथ नगरपालिका भित्र संचालित सामुदायिक विद्यालयहरु मध्ये करिब ८० प्रतिशत विद्यालयहरुमा कच्चि र टिनको छाना भएका विद्यालयहरु रहेका छन् भने विद्यालयहरुमा विद्यार्थी संख्याको आधारमा बालमैत्री कक्षाकोठाको उपलब्धता करिब ३० प्रतिशत विद्यालयमा मात्र रहेको छ । यस पालिका अन्तर्गतका ५ ओटा माध्यमिक विद्यालयहरु मध्ये एक विद्यालयमा नमुना विद्यालय विकास कार्यक्रम संचालन रहेको छ भने ४ ओटा विद्यालयमा विद्यार्थी अनुपातमा सुरक्षति विद्यालय भवनहरु निर्माण हुने क्रममा रहेका छन् ।

(ख) यस नगरपालिका भित्र संचालित सामुदायिक विद्यालयहरु मध्ये ६ ओटामा साधारण प्रकारको कम्प्युटर प्रयोशाला, ४ ओटा विद्यालयमा विज्ञान प्रयोगशाला, ४ ओटा विद्यालयमा पुस्तकालय रहेको छ ।

(ग) यस नगरपालिका भित्र संचालित सामुदायिक विद्यालयहरु मध्ये करिब .७० प्रतिशत विद्यालयहरुमा छात्र छात्राहरुको लागि छुट्टा छुट्टै प्रकारको शौचालय रहेको छ भने बाँकी विद्यालयहरुमा शिक्षक तथा विद्यार्थीहरुको एकल प्रकारका शौचालयहरु रहेको छ ।

(घ) यस नगरपालिका अन्तर्गतका संस्थागत विद्यालयहरुमा मात्र स्कूल बसको व्यवस्था रहेको तथा कुनै पनि सामुदायिक विद्यालयहरुमा स्कूल बसको व्यवस्था रहेको छैन् ।

## २.५ विद्यालय शिक्षाका शैक्षिक सुचकहरु

यस नगरपालिका भित्रको सामुदायिक तथा धार्मिक विद्यालयहरुको शैक्षिक प्रगतिका सूचकहरुलाई देहाय अनुसार प्रस्तुत गरिएको छ :

**तालिका नं. ४ नगरपालिकाको शैक्षिक सूचकको अवस्था**

| क्र.सं. | शैक्षिक सूचकहरु | शै.स. २०७६ | शै.स. २०७७ | शै.स. २०७८ |
|---|---|---|---|---|
| १ | नगर शिक्षा प्रोफाइल | निर्माण नभएको | निर्माण नभएको | निर्माण नभएको |
| २ | नगर शिक्षा योजना | निर्माण नभएको | निर्माण नभएको | निर्माण नभएको |
| ३ | स्थानिय पाठ्यक्रम | निर्माण नभएको | निर्माण नभएको | निर्माण नभएको |
| ४ | विद्यालय सुधार योजना | ५ | ८ | १० |
| ५ | विद्यालय सामाजिक परीक्षण | ४ | ७ | ७ |
| ६ | विद्यालय लेखा परीक्षण | २४ | २४ | २४ |
| ७ | बेरुजु रहेका विद्यालय संख्या | १० | १२ | १५ |
| ८ | इन्टरनेट पुगेका विद्यालय | ४ | ५ | ८ |

| | | | | |
|---|---|---|---|---|
| ९ | अंग्रेजी माध्यमबाट पढाइ हुने विद्यालय | ० | ० | ० |
| १० | विज्ञान प्रयोगशाला | २ | १ | १ |
| ११ | पुस्तकालय | १ | १ | |
| १२ | कम्प्युटर प्रयोगशाला | १ | १ | ३ |
| १३ | मातृभाषामा पढाइ हुने विद्यालय | | | |
| १४ | प्राविधिक विषय पढाइ हुने विद्यालय | ० | ० | ० |
| १५ | नमुना विद्यालय विकास कार्यक्रम संचालन भएको विद्यालय | १ | | |
| १६ | विपन्न लक्षित छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी संख्या | ० | ० | ० |

यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनको अवस्था

**तालिका नं. ५ नगरपालिका भित्र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनको अवस्था**

| **क.सं.** | **कार्यक्रमको नाम** | **आ.व. २०७६।०७७** | **आ.व. २०७७।०७८** | **आ.व. २०७८।०७९** |
|---|---|---|---|---|
| १ | २ कोठे भवन निर्माण | ० | ० | १ |
| २ | ४ कोठे भवन निर्माण | ० | ० | १ |
| ३ | ICT प्रयोगशाला | ० | ० | २ |
| ४ | शिक्षामा नविनतम प्रविधि कार्यक्रम | ० | ० | ० |
| ५ | पढ्दै कमाउदै कार्यक्रम | ० | ० | ० |
| ६ | एक विद्यालय एक उद्यम कार्यक्रम | ० | ० | ० |

## २.६ स्थानीय तहको सगठन संरचनामा शिक्षा क्षेत्रको अवस्था तथा जनशक्तिको अवस्था

(क) क्षीरेश्वरनाथ नगरपालिकाको संगठन संरचनामा रहेको शिक्षा, युवा तथा खेलकुद शाखामा शिक्षा सेवाका अधिकृत स्तरका आठौं/नवौं तहको कर्मचारी १, छैटौं/सातौं तहको अधिकृत स्तरको कर्मचारी १ र सहायक स्तर पाचौं तहको कर्मचारी १ दरबन्दि तेरिज रहेको पाइन्छ।

(ख) यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा हाल अधिकृत स्तर छैटौं १ जना र प्राविधिक रुपमा सहयोग गर्ने एक जना प्राथमिक तृत्तिय स्तरका शिक्षक काजमा कार्यरत रहेका छन् ।

(ग) नगरपालिका अन्तर्गतका संगठनको शिक्षा, युवा तथा खेलकुद शाखामा हाल कार्यरत कर्मचारीबाट शिक्षा प्रशासन संचालन, विद्यालय अनुगमन तथा निरीक्षण लगायतका कार्यहरु गर्न असहज भएको छ ।

## परिच्छेद–३

## कार्यक्रम कार्यान्वयनको भौतिक तथा वित्तीय प्रगति

### ३.१ शिक्षा क्षेत्रको वजेट र खर्चको अवस्था

आर्थिक वर्ष २०७८।०७९ मा यस नगरपालिकाको शिक्षा क्षेत्रको लागि संघ, प्रदेश र स्थानिय तहबाट विनियोजन भएको बजेट र खर्चको अवस्था देहाय अनुसार रहेको छ :

**तालिका नं. ६ शिक्षा क्षेत्रको बजेट र खर्चको अवस्था**

| क्र.सं. | बजेटको अवस्था | विनियोजित रकम | खर्च भएको रकम | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | संघिय सशर्त अनुदान | **१२,१९,६२,०००।-** | **११,४३,७४,४७४।-** | **९३.७७** | |
| २ | प्रदेश अनुदान | | | | |
| ३ | स्थानिय तहबाट विनियोजित रकम | **१,११,००,०००।-** | **६७,५०,०००।-** | **६०.८१** | |

### ३.२ वजेट उपशीर्षक अनुसार वजेट तथा खर्चको अवस्था

यस स्थानिय तहको लागि संघिय सरकारबाट प्राप्त अनुदान अनुसारका कार्यक्रमगत वार्षिक बजेट, लक्ष्य तथा खर्चगत विवरण अनुसूची १ मा राखिएको छ ।

### ३.३ कार्यक्रम कार्यान्वयनकामुख्य समस्या तथा चुनौती

यस स्थानिय तहको लागि आ.व. २०७८।०७९ को लागि शिक्षा क्षेत्र तर्फ निर्धारण गरिएका कार्यक्रमहरु कार्यान्वयनबाट तोकिए अनुसार नतिजा प्राप्त नहुनु तथा कार्यसम्पादन दर सुस्त हुनु पछाडी देहायका समस्या तथा चुनौतीहरु देखा परेका छन् :

(क) शिक्षा शाखामा कर्मचारी व्यवस्थापन नहुनु,

(ख) संघिय सरकारबाट समयमै कार्यक्रम कार्यान्वयन पुस्तिका प्राप्त नहुनु,

(ग) कार्यपालिकाबाट कार्य संचालन गर्ने अख्तियारी प्राप्त नहुनु,

(घ) विद्यालयहरुबाट IEMIS मा प्रविष्ट गरिने तथ्याकंहरुको समयमै प्राप्त नहुनु साथै विश्वसनियता कम हुनु,

(ङ) कर्मचारी अभावको कारण विद्यालय सुपरीवेक्षण तथा अनुगमन प्रणाली फितलो हुनु,

(च) कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित रहेर कर्मचारी क्षमता विकास नहुनु र

(छ) नियमानुसार कार्य सम्पादन गर्न राजनीतिक तथा प्रशासनिक अवरोधका कारण असहज हुनु ।

## ३.४. कार्यक्रम कार्यान्वयनमा सुधारका उपाय

शिक्षा क्षेत्रबाट सम्पादन हुने कार्यहरुको प्रगति लक्ष्य अनुसार हुनका लागि देदायका उपायहरु अवलम्बन गर्न सकिन्छ :

(अ) कार्यक्रम कार्यान्वयन लगायतका विषयहरुसँग सम्बन्धित अभिमुखिकरण प्रभावकारी रुपमा संचालन गरिनु पर्ने,

(आ) शिक्षा शाखामा कार्यरत कर्मचारहरुलाई शैक्षिक प्रशासन, कार्यक्रम कार्यान्वयन, बेरुजु फर्स्योट, विद्यालय सुपरीवेक्षण लगायतका विषयहरुमा अनिवार्य रुपमा तालिम प्रदान गरिनु पर्ने,

(इ) विद्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई लेखा तथा IEMIS सम्बन्धि तालिम संचालन गर्नु पर्ने,

(ई) स्थानिय तहहरुलाई शिक्षाका कार्यक्रमहरु कार्यान्वयनका लागि स्पष्ट मार्गनिर्देशन गरिनु पर्ने र

(उ) स्थानिय तहको नेतृत्वलाई शिक्षा क्षेत्रको विकासका लागि जवाफदेही बनाउने संयन्त्रको विकास गर्नु पर्ने ।

## परिच्छेद- ४

## उपलब्धितथा कार्यक्रम विस्तृतिकरण

### ४.१ शिक्षक दरवन्दी मिलानको प्रगति विवरण

